## १. शासकीय प्रवन्ध

| समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|

### १.१ समग्र स्थिति

#### १.१.१ सभाको सञ्चालन प्रक्रिया (स्थानीय ससरकार सञ्चालन ऐनको दफा १९)

- ○ सभाको बैठक अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको जानकारी गराउने नगरिएको। (आधार नचाहिने)
- ○ सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरूको स्पष्ट रूपमा लिखित पत्र मार्फत जानकारी गराउने गरिएको। (आधार १)
- ○ सभाको बैठक हुने मितिको ७ दिन भन्दा कम अवधिमा सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा जानकारी गराउने गरिएको । (आधार १,२)
- ● सभाको बैठक भन्दा ७ दिन अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा लिखित जानकारी गराउने गरिएको । (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- सभाका सदस्यहरुलाई दिएको पत्रको कार्यालय प्रति ✓
- विद्युतीय माध्यम प्रयोग गरिएको प्रमाण ✓

☐ कैफियत

#### १.१.२ कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७)

- ○ छलफलका विषय र सो को निर्णय प्रमुखले भने अनुसारमात्र हुने गरेको । (आधार नचाहिने)
- ○ छलफलका विषय र सोको निर्णय कार्यपालिकामा पेश भएको कार्यसूची बमोजिम हुने गरेको । (आधार १,२)
- ○ निर्णय गर्नु पर्ने विषयमा खुला रूपमा छलफल भई बहुमतको आधारमा निर्णय हुने गरेको । (आधार १, २,३)
- ● खुल्ला रूपमा छलफल भई सर्वसम्मत रूपमा निर्णयहरु हुने गरेको। (आधार १, २)

**प्रमाणीकरणको आधार:**

- कार्यसूची।छलफलको विषय ✓
- कार्यपालिकाको बैठकको उपस्थिति र निर्णय पुस्तिका ✓

☐ कैफियत

#### १.१.३ सभा। कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक)

- ○ सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्ने नगरेको। (आधार नचाहिने)
- ○ सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको तर निर्णय सार्वजनिक गर्ने नगरेको। (आधार १)
- ○ सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको र निर्णयहरु सूचना पाटी मार्फत मात्र सार्वजनिक गर्ने गरेको। (आधार १, २)
- ● सभा/कार्यपालिकाले बनाएका स्थानीय तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरी निर्णयहरु वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको। (आधार १, २, ३)

**प्रमाणीकरणको आधार:**

- निर्णयहरु उल्लेख भएको स्थानीय राजपत्रको प्रति ✓
- कार्यालयको सूचनापाटी मार्फत सारजनिकिकरण गरेको प्रमाण ✓
- वेवसाइट वा पत्रपत्रिकाको वा रेडियो वा टेलिभिजन भए सोको प्रमाण ✓

☐ कैफियत

## १. शासकीय प्रवन्ध

समग्र स्थिति ✓ | प्रक्रियागत स्थिति ✓ | परिमाणात्मक स्थिति ✓

### १.२ प्रक्रियागत स्थिति

**१.२.१ सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७)**

- ○ स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कुनै कार्यविधि निर्माण नगरिएको । (आधार नचाहिने)
- ○ स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका केही समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भएको तर कार्यान्वयन नभएको। (आधार १)
- ◉ स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका सबै समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको। (आधार १, २,)

**प्रमाणीकरणको आधार:**

- कार्यविधिको प्रति ✓
- समिति/उप-समितिको निर्णय पुस्तिका ✓

☐ कैफियत

**१.२.२ कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) (स्थाससंऐ दफा १७)**

- ○ कार्यपालिकाको बैठक सञ्चालनको विधि निर्धारण नभएको। (आधार नचाहिने)
- ○ कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप आशिंक रूपमा पालना भएको। (आधार १,२,३)
- ◉ कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- बैठक सञ्चालन विधिको प्रति ✓
- कार्यसूची/ छलफलको विषय सहितको बैठक बारे जानकारी गराएको प्रमाण (पत्र, इमेल, SMS आदि) ✓
- उपस्थिति र निर्णय (असहमतिका बुँदा सहित) ✓

☐ कैफियत

**१.२.३ आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८)**

- ○ गाउं/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको। (आधार नचाहिने)
- ○ गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भएको तर कार्यान्वयन नभएको। (आधार १)
- ◉ गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीका तयार गरी पूर्ण रूपमा कार्यान्वयन गरी नियमित अनुगमन र पृष्ठपोषण भएको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका ✓
- अनुगमन प्रतिवेदन ✓
- सुझाव कार्यन्वयनको निर्णय र कार्यान्वयन प्रतिवेदन ✓

☐ कैफियत

**१.२.४ स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ती विवरण (स्थाससंऐ दफा ११०)**

- ○ स्थानीय तहका पदाधिकारीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश नगरेको । (आधार नचाहिने)
- ○ स्थानीय तहका पदाधिकारी हरु मध्ये केहीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको । (आधार १)
- ◉ स्थानीय तहका पदाधिकारी हरु सबैले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको । (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- स्थानीय तहमा सम्पत्ती विवरण पेश गरेको दर्ता पुस्तिका ✓
- प्रदेश सरकारमा सम्पत्ती विवरण पठाएको पत्रको प्रति ✓

☐ कैफियत

## १. शासकीय प्रवन्ध

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### १.३ परिमाणात्मक स्थिति

#### १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या (स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली)

- ○ मासिक रूपमा नियमित बैठक नबसेको। (आधार १)
- ○ महिनामा १ पटक बैठक बसेको। (आधार १)
- ● महिनामा कम्तीमा १ पटक बैठक बसी पूर्व निर्णयहरूक कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने गरेको। (आधार १ र २)

**प्रमाणीकरणको आधार:**

- निर्णय पुस्तिका ✓
- समीक्षा भएको बैठकको निर्णय पुस्तिका ✓

☐ कैफियत

#### १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग (स्थाससंऐ दफा ७२)

- ○ SUTRA प्रयोग नभएको (आधार नचाहिने)
- ○ योजना र बजेटमा मात्र SUTRA प्रयोग भएको (आधार १)
- ● योजना, बजेट र खर्चमा SuTRA प्रयोग भएको (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- योजना तथा बजेटको अभिलेख ✓
- खर्चको प्रतिवेदन ✓

☐ कैफियत

## २. संगठन तथा प्रशासन

| समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
| --- | --- | --- |

### २.१ समग्र स्थिति

#### २.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास । (स्थाससंऐ को दफा १०२

- ( ) क्षमता विकास योजना तयार नभएको र क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन नभएको। (आधार नचाहिने)
- ( ) क्षमता विकास योजना तयार भएको तर बजेट विनियोजन नभएको । (आधार १)
- ( ) क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको। (आधार १,२)
- (•) क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ८० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- क्षमता विकास कार्यक्रमको प्रतिवेदन (तालिम योजना, हाजिर लगायत विवरण)
- क्षमता विकास योजनाको प्रति

☐ कैफियत

#### २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण। (स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३(३))

- ( ) सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नपठाईएको। (आधार नचाहिने)
- ( ) सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु तोकिएको समय भन्दा ढिलो गरी पठाईएको । (आधार १,२)
- ( ) सङ्घ र प्रदेश लाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाइएको । (आधार १,२)
- (•) सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेबसाइटमा राखिएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- चौमासिक प्रतिवेदन पठाएको कार्यालय प्रति
- चलानी रजिष्ट्र वा इमेल को प्रति
- Website को लिंक खुल्ने गरी स्क्रिनसट

☐ कैफियत

## २. संगठन तथा प्रशासन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### २.२ प्रक्रियागत स्थिति

**२.२.१ विषयगत विभाग।महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । (स्थाससंऐ दफा ८अनुसार)**

- ○ कुनै पनि संरचनाको कार्यविवरण नै तयार नभएको। (आधार नचाहिने)
- ○ केही मात्र संरचनाको कार्यविवरण तयार भएको तर कार्यान्वयन नभएको। (आधार १ वा २, ३)
- ● सबै संरचना तथा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको तथा विवरणहरूलाई वेवसाइटमा राखिएको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- संरचनागत कार्य विवरणको प्रति ✓
- संरचना तथा जनशक्तिको कार्य विवरणको प्रति ✓
- वेवसाइटमा कार्य विवरण राखिएको लिंक ✓

☐ कैफियत

**२.२.२ स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। (ऐनको दफा ८को उपदफा ८,९)**

- ○ ऐन लागु भैसकेपछि पनि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा पनि स्थायी पदपूर्ती गरिएको। (आधार नचाहिने)
- ○ ऐन लागु भैसकेपछि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारवाट सेवा लिईएको तर अवधि, पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा स्पष्ट नभएको। (आधार १,२)
- ● ऐन लागु भैसकेपछि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारवाट मात्र सेवा लिईएको र करार सेवाको अवधि पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा उल्लेख गरिएको। (आधार १,२, ३)

**प्रमाणीकरणको आधार:**

- कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार) को विवरण ✓
- करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौता (एकै प्रकृतिका विषयका लागि, एक नमुना TOR) ✓
- कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M प्रतिवेदन ✓

☐ कैफियत

**२.२.३ कर्मचारीहरुको कार्य सम्पादन सम्झौता । (स्थाससंऐ दफा १०कोअनुसार)**

- ○ कार्य सम्पादन सम्झौता प्रयोगमा नआएको । (आधार नचाहिने)
- ○ प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच मात्र कार्य सम्पादन सम्झौता भएको । (आधार १,२ )
- ● प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच र प्र.प्र.अ र विभाग।महाशाखा/शाखा प्रमुख बीच कार्य सम्पादन सम्झौता भएको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- प्रशासकीय अधिकृत र प्रमुख/अध्यक्ष विचको कार्य सम्पादन सम्झौताको प्रति ✓
- सबै शाखा प्रमुख र प्रशासकीय अधिकृत विचको कार्य सम्पादन सम्झौताको प्रति ✓
- कार्य सम्पादन गर्ने भन्ने निर्णय उल्लेखित पुस्तिका ✓

☐ कैफियत

## २. संगठन तथा प्रशासन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### २.३ परिमाणात्मक स्थिति

**२.३.१ जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०कोअनुसार वनेको कार्यविधि)**

- ○ कूल चालु खर्चको ०.५% भन्दा कम। (आधार १)
- ● कूल चालु खर्चको ०.५% -१.५ % सम्म। (आधार १)
- ○ कूल चालु खर्चको १.५ % भन्दा बढी। (आधार १)

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा खर्चको प्रतिवेदन

☐ कैफियत

**२.३.२ प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधी समेत) (स्थाससंऐ दफा ८अनुसार को कार्य सम्पादन प्रभावकारिता)**

- ○ मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% भन्दा कम उपस्थिति भएको। (आधार १)
- ○ मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% देखि ७५% सम्म उपस्थिति भएको (आधार १)
- ● मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ७५% भन्दा बढी उपस्थिति भएको। (आधार १)

**प्रमाणीकरणको आधार:**

- हाजिर रजिष्ट्रर वा ई-हाजिरीको विश्लेशणात्मक विवरण

☐ कैफियत

**२.३.३ क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। (स्थाससंऐ को दफा १०कोअनुसार वनेको कार्यविधि) (यस दफामा पदाधिकारी भन्नाले गाउँ।नगर सभाका सदस्यहरूलाई बुझाउनेछ । गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ।)**

- ○ कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत भन्दा कम (आधार १,२,३)
- ○ कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत देखि ६० प्रतिशत सम्म (आधार १,२,३)
- ● कूल पदाधिकारी र कर्मचारीको ६० प्रतिशत भन्दा बढी (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M र पदाधिकारीहरूको विवरण
- कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार सहित) को विवरण
- पदाधिकारी र कर्मचारीको क्षमता विकास कार्यक्रमको प्रतिवेदन (तालिम योजना, हाजिर लगायतका विवरण सहित)

☐ कैफियत

## ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन

| समग्र स्थिति ✓ | प्रक्रियागत स्थिति ✓ | परिमाणात्मक स्थिति ✓ |
|---|---|---|

### ३.१ समग्र स्थिति

**३.१.१ वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा। (स्थाससंऐ को दफा २अनुसार)**

- ○ Spatial Based आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना तयार नभएको। (आधार नचाहिने)
- ○ Spatial Based आवधिक योजना तयार भएको तर मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम आवधिक योजनामा आधारित नभएको (आधार १)
- ○ एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना अनुसार मध्यकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम तथा बजेट तयार भएको। (आधार १,२)
- ◉ एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना तयार भई सो आधारमा मध्यकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको।(आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓
- Spatial Based आवधिक योजना दस्तावेज ✓
- मध्यकालीन खर्च संरचना दस्तावेज ✓

☐ कैफियत

**३.१.२ बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संबद्ध समिति र समन्वय ( स्थाससंऐ को दफा ६५, ६६ र ६७)**

- ○ स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन नभएको (आधार नचाहिने)
- ○ स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई यसको बैठकहरू बसेको (आधार १,३)
- ○ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आफ्नो कार्यजिम्मेवारी अनुसार सबै कार्य सम्पादन गर्ने गरेको । (आधार १,२,३)
- ◉ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारीस बमोजिम तर्जुमा भएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓
- समितिहरु गठन गर्ने निर्णय भएको निर्णय पुस्तिका ✓
- राजश्व परामर्श समितिको निर्णयको प्रति ✓

☐ कैफियत

## ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### ३.२ प्रक्रियागत स्थिति

#### ३.२.१ दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण (स्थाससंऐ को दफा २अनुसार )

- ( ) दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको। (आधार नचाहिने)
- ( ) दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार भई आवधिक र वार्षिक योजनामा समावेश भएको । (आधार १,२)
- (•) दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा भई वार्षिक योजनामा समावेश गरी कार्यान्वयन भएको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना ✔
- वार्षिक तथा आवधिक योजनाको समीक्षा प्रतिवेदन ✔
- SDG Linkage सहितको आवधिक र वार्षिक योजना दस्तावेज ✔

☐ कैफियत

#### ३.२.२ विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण (स्थाससंऐ को दफा ६६ को अनुसार)

- ( ) विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण नगरिएको। (आधार नचाहिने)
- ( ) प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरिएको । (आधार १,२)
- (•) प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरी कार्यक्रम तर्जुमा गरिएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- योजनाको प्राथमिकता निर्धारणको निर्णय ✔
- बजेट सिलिङ निर्धारण गरेको निर्णय पुस्तिका ✔
- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✔

☐ कैफियत

#### ३.२.३ बजेट प्रस्तुती तथा स्वीकृति (स्थाससंऐ को दफा ७अनुसार)

- ( ) असार १० गतेभित्रमा आगामी आ.व.को आय व्यय अनुमान सहित बजेट तथा कार्यक्रम सभामा पेश नभएको र अषाढ मसान्तमा स्वीकृत नभएको। (आधार नचाहिने)
- ( ) असार १० गते पश्चात बजेट पेश भए पनि अषाढ मसान्तभित्र स्वीकृत भएको। (आधार १,२)
- (•) असार १० गतेभित्र बजेट प्रस्तुती भई प्रयाप्त छलफल भई असार मसान्तभित्र स्वीकृत भएको । (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- सभाको बैठक, उपस्थिति र निर्णय पुस्तिका ✔
- सभामा बजेट पेश गरेको अभिलेख ✔

☐ कैफियत

#### ३.२.४ गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐन दफा २५)

- ( ) गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश नभएको। (आधार नचाहिने)
- ( ) गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश भएको। (आधार १,२)
- (•) सबै गै.स.सका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयन समेत भएको (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- प्रगति प्रतिवेदन ✔
- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✔
- गैससहरुसँग समन्वय बैठक र निर्णयको माइन्युट ✔

☐ कैफियत

## ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### ३.३ परिमाणात्मक स्थिति

**३.३.१ कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा। (असविव्यऐदफा ८ अनुसार राजस्वको क्षमता)**

- (●) १०% सम्म
- ( ) १०-२०% सम्म
- ( ) २०% भन्दा बढी

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓

☐ कैफियत

**३.३.२ पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (वजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन)**

- ( ) ५०% भन्दा माथि
- ( ) (५० देखि ३०) % सम्म
- (●) ३०% भन्दा कम

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓

☐ कैफियत

**३.३.३ वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा (असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता)**

- ( ) यथावत वा कम
- ( ) ५ प्रतिशत देखि १० % सम्म
- (●) १० % भन्दा बढी

**प्रमाणीकरणको आधार:**

- आन्तरिक आयको अभिलेख ✓

☐ कैफियत

**३.३.४ गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै**

- ( ) २०% भन्दा कम लागत साझेदारी भएको।
- ( ) २०% देखि ३०% सम्म लागत साझेदारी भएको।
- (●) ३०% भन्दा बढी लागत साझेदारी भएको।

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓
- साझेदारी सम्बन्धी निर्णय पुस्तिका ✓

☐ कैफियत

**३.३.५ समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐदफा १०)**

- ( ) विनियोजन नभएको
- ( ) कार्यविधिले तोके बमोजिम लागत साझेदारी गर्ने।
- (●) कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने।

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✓

☐ कैफियत

# ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

## ४.१ समग्र स्थिति

### ४.१.१ आन्तरिक स्रोत (स्थाससंऐन दफा ६५)

- ○ हाल सम्म आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा कुनै अध्ययन नभएको । (आधार नचाहिने)
- ○ आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव आंशिक रूपमा कार्यान्वन भएको। (आधार १,२)
- ○ आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भएको। (आधार १,२)
- ● आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भइ आन्तरीक आय बृद्धि भएको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन ✓
- राजस्वका दरहरुको सुची ✓
- आन्तरिक आयको तुलनात्मक अभिलेख ✓

☐ कैफियत

### ४.१.२ वित्तिय अनुशासन (असविव्यऐपरिच्छेद ८, दफा २५ देखि ३२)

- ○ गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई कूल खर्चको ५% भन्दा वढी बेरुजू औंल्याईएको।
- ○ गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (३-५)% बेरुजू औंल्याएको।
- ● गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (१-३)% बेरुजू औंल्याएको।
- ○ अन्तिम लेखा परीक्षणले कूल खर्चको १% भन्दा कम बेरुजू औंल्याएको।

**प्रमाणीकरणको आधार:**

- लेखा परीक्षण प्रतिवेदन ✓

☐ कैफियत

# ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

## ४.२ प्रक्रियागत स्थिति

### ४.२.१ आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यऐ, दफा ३२)

- ○ प्रयोग नगरिएको । (आधार नचाहिने)
- ○ आंशिक प्रयोग गरिएको (आधार १,२)
- ● पूर्ण रूपमा प्रयोग गरिएको (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- निर्धारित पद्धति र ढाँचा अनुसार आयको विवरण ✓
- निर्धारित पद्धति र ढाँचा अनुसार व्ययको विवरण ✓

☐ कैफियत

### ४.२.२ आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यऐदफा ३०)

- ○ आय÷व्ययको विवरण सार्वजनिकीकरण गर्ने नगरिएको (आधार नचाहिने)
- ○ आय÷व्ययको विवरण सार्वजनिक गरिएको तर तोकिएको समय भित्र नगरिएको। (आधार १,२)
- ● आय÷व्ययको विवरण तोकिएको समयभित्र सार्वजनिक गरिएको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- आय÷व्ययको आवधिक विवरण ✓
- समयभित्र वेबसाइट मार्फत सार्वजनिक गरेको अभिलेख ✓

☐ कैफियत

### ४.२.३ प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन (सा

- ● खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको । (आधार १)
- ○ खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई आशिंक कार्यान्वयन भएको । (आधार १,२)
- ○ खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई पूर्ण रूपमा कार्यान्वयन भएको । (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- वार्षिक खरिद योजना र खरिदको गुरु योजनाको प्रति ✓

☐ कैफियत

### ४.२.४ वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐन दफा ७को ६)

- ● गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र नगरेको। (आधार नचाहिने)
- ○ गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र गरेको तर समीक्षा प्रतिवेदन सार्वजनिक नगरेको। (आधार १,२)
- ○ गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र सम्पन्न गरी समीक्षा प्रतिवेदन सार्वजनिक गरेको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

☐ कैफियत

## ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन

समग्र स्थिति ✔ | प्रक्रियागत स्थिति ✔ | परिमाणात्मक स्थिति ✔

### ४.३ परिमाणात्मक स्थिति

**४.३.१ रकमान्तर (स्थाससंऐन दफा ७९)**

- ○ तोकिएको सीमा वा शीर्षक बाहिर गई रकमान्तर भएको। (आधार नचाहिने)
- ○ सभाबाट स्वीकृत गरेका कार्यक्रममा सीमा वा शीर्षक बाहिर गई रकमान्तर गरेको। (आधार १,२,३)
- ◉ सभाबाट स्वीकृत गरेका कार्यक्रममा तोकिएको सीमा र शीर्षकभित्र मात्र खर्च भई रकमान्तर नगरेको। (आधार १,३)

**प्रमाणीकरणको आधार:**

- SUTRA बाट प्राप्त बजेट र खर्च विवरण ✔
- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✔

☐ कैफियत

**४.३.२ प्रशासनिक खर्च (स्थाससंऐन दफा ७ अनुसारको आय व्यय अनुमान अनुसार)**

- ○ आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्राप्त रकम भन्दा बढी प्रशासनिक खर्च भएको (आधार १,२)
- ◉ आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट प्रशासनिक खर्च पुर्याएको। (आधार १,२,३)
- ○ आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट प्रशासनिक खर्च पुर्याई पूँजीगत कार्यक्रममा समेत खर्च गरेको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- वार्षिक बजेट तथा कार्यक्रमको प्रति ✔
- SUTRA बाट प्राप्त बजेट र खर्च विवरण ✔
- आन्तरिक आयको विवरण ✔

☐ कैफियत

**४.३.३ पूँजीगत खर्च (स्थाससंऐन दफा ७ अनुसारको आय व्यय अनुमान अनुसार)**

- ○ पूँजीगत बजेटको ६०% भन्दा कम खर्च गरेको। (आधार १,२)
- ○ पूँजीगत बजेटको (६०-८०)% सम्म खर्च गरेको। (आधार १,२)
- ◉ पूँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- SUTRA बाट प्राप्त बजेट र खर्च विवरण ✔
- आन्तरिक लेखा परीक्षण प्रतिवेदन ✔

☐ कैफियत

**४.३.४ राजस्व सङ्कलन (स्थाससंऐन दफा ७१)**

- ○ राजस्व अनुमान को ७०% भन्दा कम राजश्व सङ्कलन भएको। (आधार १)
- ○ राजस्व अनुमान को (७०-९०)% राजश्व सङ्कलन भएको । (आधार १)
- ◉ राजस्व अनुमान को ९०% भन्दा बढी राजश्व सङ्कलन भएको । (आधार १)

**प्रमाणीकरणको आधार:**

- आन्तरिक राजस्वको लक्ष र सङ्कलित परिमाण देखिने दस्तावेज ✔

☐ कैफियत

**४.३.५ ५ खर्च गर्ने अख्तियारी (स्थाससंऐन दफा ७३)**

- ○ प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई नदिएको। (आधार नचाहिने)
- ○ प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको समय भन्दा पछि दिएको। (आधार १)
- ◉ खर्च गर्ने अख्तियारी प्रमुख वा अध्यक्षले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिएको। (आधार १)

**प्रमाणीकरणको आधार:**

- प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गरेको पत्रको प्रति ✔

☐ कैफियत

# ५. सेवा प्रवाह

| समग्र स्थिति ✓ | प्रक्रियागत स्थिति ✓ | परिमाणात्मक स्थिति ✓ |
|---|---|---|

## ५.१ समग्र स्थिति

### ५.१.१ सेवा प्रवाह (स्थाससंऐनदफा११)

- ○ स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुने गरेको। (आधार १)
- ○ स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय समेत भएको । (आधार १)
- ○ स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई ५० प्रतिशत कार्यान्वयन भएको। (आधार १,२)
- ◉ स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई पूर्ण रूपमा कार्यान्वयन भएको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- कार्यपालिकाको बैठकको निर्णय ✓
- निर्णय कार्यान्वयन प्रगति प्रतिवेदन ✓

☐ कैफियत

### ५.१.२ वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐनदफा१२)

- ○ सबै वडामा कार्यालय स्थापना नगरी सयुक्त वडा कार्यालयबाट सेवाप्रवाह गर्ने गरिएको। (आधार १)
- ○ सबै वडामा कार्यालयहरू स्थापना भएको। (आधार १)
- ◉ सबै वडामा कार्यालय स्थापना भई वडाबाट सेवाहरू प्रवाह भएको। (आधार १,२)
- ○ सबै वडामा आफ्नै भवनमा कार्यालय स्थापना भई सबै सेवाहरू प्रवाह भएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- वडा कार्यालयहरू स्थापनाको विवरण ✓
- वडाबाट सेवा प्रवाहको विवरण ✓

☐ कैफियत

### ५.१.३ सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐनदफा ११,१को काम)

- ○ सेवाप्रवाह प्रति सेवाग्राहीहरुलाई सन्तुष्ट बनाउन नसकिएको। (आधार नचाहिने)
- ○ कार्यालयबाट प्रवाह भएका सेवाहरु मध्ये केही सेवाहरुमा मात्र सेवाग्राहीहरु सन्तुष्ट बनाउन सकिएको। (आधार १)
- ○ सेवाप्रवाहको स्तर सन्तोषजनक रहेको। (आधार १, ३)
- ◉ सेवाप्रवाहवाट सेवाग्राही पूर्ण सन्तुष्ट भएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- गुनासो वा उजूरी संख्या र निर्णय ✓
- उपभोक्ता सर्भे ✓
- सार्वजनिक सुनुवाइको अभिलेख र तस्बिर/भिडियो ✓

☐ कैफियत

## ५. सेवा प्रवाह

समग्र स्थिति ✔ | प्रक्रियागत स्थिति ✔ | परिमाणात्मक स्थिति ✔

### ५.२ प्रक्रियागत स्थिति

**५.२.१ सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग (स्थाससंऐनदफा१को उपदफाको ङ १)**

- ○ सेवा प्रवाहमा उल्लेखित कुनै पनि सूचना प्रविधिको प्रयोग नभएको । (आधार नचाहिने)
- ○ सेवा प्रवाहमा उल्लेखित मध्ये २ प्रकारको सूचना प्रविधिको प्रयोग भएको । (आधार १,२,३)
- ◉ सेवा प्रवाहमा उल्लेखित सबै प्रकारको सूचना प्रविधिको प्रयोग भएको। (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- टोकन प्रणाली ✔
- अनलाईन रेजिस्ट्रेसन ✔
- कम्प्युटर विलिङ ✔

☐ कैफियत

**५.२.२ सेवा प्रवाहको मापदण्ड (SOP) (स्थाससं ऐन दफा १को उपदफाको ङ १)**

- ○ कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार नभएको । (आधार नचाहिने)
- ◉ कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भएको तर कार्यान्वयन नभएको। (आधार १,२)
- ○ कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भई कार्यान्वयन भएको । (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- वेबसाईटमा मापदण्ड राखिएको ✔
- निर्धारित गरिएका सेवाका मापदण्ड एवं सूचकहरु ✔

☐ कैफियत

**५.२.३ बैंकिंग प्रणालीबाट भुक्तानी (स्थाससं ऐन दफा१को उपदफाको ङ ७)**

- ○ कार्यालयबाट गरिने भुक्तानीहरु बैंकिंग प्रणाली र नगदमा समेत हुने गरेको। (आधार नचाहिने)
- ○ सबै भुक्तानीहरु बैंकिंग प्रणालीद्वारा गर्ने गरिएको। (आधार १)
- ◉ सबै भुक्तानीहरु बैंकिंग प्रणालीद्वारा भई e-Payment लागु गरेको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- बैङ्किङ भुक्तानी प्रणाली ✔
- e-payment को लागि भएको सम्झौता ✔

☐ कैफियत

**५.२.४ वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था (स्थाससंऐन१६को उपदफा को ग को ६ र दफा१८ को उपदफा ३)**

- ○ वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलब्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था नगरेको (आधार नचाहिने)
- ○ वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलब्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था कहिले काँही/ केही वडामा गर्ने गरेको। (आधार १ वा २)
- ◉ सबै वडामा वडा अध्यक्ष अनुपस्थित हुँदा निजले उपलब्ध गराउनु पर्ने सेवाको वैकल्पिक व्यवस्था गर्ने गरेको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- अधिकार प्रत्यायोजनको प्रति ✔
- जिम्वेवारी तोकिएको पत्र को प्रति ✔

☐ कैफियत

## ५. सेवा प्रवाह

समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति

### ५.३ परिमाणात्मक स्थिति

#### ५.३.१ गुनासो फछ्र्यौट (स्थाससं ऐन दफा १को उपदफाको ङ ७)

- ○ मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये ४०% भन्दा कम सम्बोधन भएको । (आधार १,२)
- ○ मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये (४०-८०)% सम्म सम्बोधन भएको । (आधार १,२)
- ● मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये ८०% भन्दा वढि सम्बोधन भएको । (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- गुनासो दर्ता किताव ✔
- गुनासो फर्छयौट सूची ✔

☐ कैफियत

#### ५.३.२ सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी (स्थाससंऐन दफा१को उपदफाको त २)

- ○ कूल लाभग्राहीको १/३ सम्म (आधार १,२)
- ○ कूल लाभग्राहीको १/३ देखि २/३ सम्म (आधार १,२)
- ● कूल लाभग्राहीको २/३ भन्दा माथि (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- लाभग्राहि संख्या र भुक्तानीको अभिलेख ✔
- बैंक सुविधा उपलब्ध भए बैंकको statement ✔

☐ कैफियत

#### ५.३.३ जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या (स्थाससंऐ दफा १को उपदफा ४)

- ○ ७०% भन्दा कम (आधार १)
- ○ ७०% देखि ९० %सम्म (आधार १)
- ● ९० % भन्दा वढी (आधार १)

**प्रमाणीकरणको आधार:**

- घटना दर्ता किताब ✔

☐ कैफियत

#### ५.३.४ सार्वजनिक सुनुवाइ (स्थाससंऐ दफा ७८ को उपदफा ५)

- ○ मूल्याङ्कन अवधिमा १ पटक मात्र सार्वजनिक सुनुवाइ भएको। (आधार १,२)
- ○ मूल्याङ्कन अवधिमा २ पटक सम्म सार्वजनिक सुनुवाइ भएको। (आधार १,२)
- ● प्रत्येक चौमासिकमा कम्तीमा १ पटक सार्वजनिक सुनुवाइ भएको।(आधार १,२)

**प्रमाणीकरणको आधार:**

- सार्वजनिक सुनुवाइको अभिलेख पुस्तिका ✔

☐ कैफियत

#### ५.३.५ ५ सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा१को उपदफाको ङ ७)

- ○ सेवा प्रवाह कार्यालयबाट मात्र सीमित रहेको । (आधार नचाहिने)
- ○ सेवा प्रवाहलाई पहुँच योग्य बनाउन कम्तीमा वर्षको १ पटक घुम्ती सेवाहरु सञ्चालन। (आधार १)
- ● सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडामा घुम्ती सेवाहरु समेत सञ्चालन गर्ने गरेको। आधार १)

**प्रमाणीकरणको आधार:**

- घुम्ती सेवाको अभिलेख पुस्तिका ✔

☐ कैफियत

### ५.३.६ ६ शिक्षामा सबै बालबालिको पहुँच (स्थाससंऐ दफा१को उपदफाको ज)

- ○ मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ८० % भन्दा कम रहेको र गत वर्षको तुलनामा विद्यालय छोड्ने दर नघटेको। (आधार १)
- ○ मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर (८०-९०) % भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% सम्म घटेको। (आधार १)
- ◉ मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ९०% भन्दा वढि भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढिले घटेको। (आधार १)

**प्रमाणीकरणको आधार:**

- Education MIS (EMIS) बाट विद्यार्थीको कक्षागत भर्ना र हाजिरी सहित समग्र स्थिति देखिने प्रतिवेदन ✓

☐ कैफियत

### ५.३.७ ७ स्वास्थ्य सेवामा नागरिकको पहुँच (स्थाससंऐ दफा१को उपदफाको झ)

- ○ (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध नभएको। (ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप ८०% भन्दा कम बालबालिकाले मात्र प्राप्त गरेको। (आधार १,२)
- ○ (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध भएको। (ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप (८०-९०%) सम्म बालबालिकाले प्राप्त गरेको। (आधार १,२)
- ◉ (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध भएको। (ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप ९०% भन्दा बढी बालबालिकाले प्राप्त गरेको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- स्वास्थ्य संस्थाहरुमा जनशक्ति, उपकरण र औषधी आवश्यकता र परिपूर्तीको अवस्था झल्किने प्रतिवेदन ✓
- Health MIS (HMIS) बाट प्राप्त प्रतिवेदन (संचालित स्वास्थ्य संस्थाको विवरण, स्वास्थ्य संस्थामा भएको दरबन्दी र नियमित कार्यरत स्स्थ्यकर्मीको संख्या, स्वास्थ्य उपकरण र औषधी उपलव्धता, वर्थिङ्ग सुविधा, बालबालिकाको अभिलेख र खोप लिएका को रकर्ड ) लगायतको समग्र स्थिति देखिने गरी ✓

☐ कैफियत

### ५.३.८ ८ कृषि र पशु सेवा (स्थाससंऐ दफा १को उपदफाको ण र द)

- ○ स्थापना भएका कृषि तथा पशु सेवा केन्द्रमा आवश्यक जनशक्ति र माग अनुसारको सेवा र प्रविधि उपलब्ध नभएको। (आधार १,२)
- ○ स्थापना भएका कृषि तथा पशु सेवा केन्द्र मध्ये केहीमा मात्र आवश्यक जनशक्ति र माग अनुसारको सेवा र प्रविधि उपलब्ध भएको। (आधार १,२)
- ◉ स्थापना भएका सबै कृषि तथा पशु सेवा केन्द्रहरुमा आवश्यक जनशक्ति, माग अनुसारको सेवा र प्रविधि उपलब्ध भएको। (आधार १,२)

**प्रमाणीकरणको आधार:**

- मापदण्डको अनुपातमा हालको सेवाको अवस्था झल्कने विश्लेषणात्मक विवरण/प्रतिवेदन ✓
- कृषि सेवा केन्द्र संख्या, प्रति सेवाकेन्द्रले सेवा पुऱ्याउनु पर्ने क्षेत्र (हेक्टर), पशुसेवा केन्द्रहरु को संख्या, प्रति सेवा केन्द्रले पुऱ्याउनुपर्ने सेवा (पशु गोटा) लगायत कृषि र पशुसेवाकेन्द्रले पुऱ्याउनुपर्ने सेवाको मापदण्ड ✓

☐ कैफियत

### ५.३.९ ९ स्थानीय उत्पादनको प्रर्वर्धन र बजारीकरण (स्थाससंऐ दफा१को उपदफाको ण ७)

- ○ स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि कुनै नीतिगत र कार्यक्रमगत पहल नभएको। (आधार नचाहिने)

- [ ] स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रमगत व्यवस्था गरेको तर सो अनुसार बजार व्यवस्थापन हुन नसकेको। (आधार १,२)
- [x] स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रम व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन भएको (आधार १,२,३)

**प्रमाणीकरणको आधार:**

- बजारको व्यवस्था भएको प्रमाण ✔
- संस्थागत व्यवस्था भएको प्रमाण ✔

☐ कैफियत

## ६. न्यायिक कार्य सम्पादन

| समग्र स्थिति ✓ | प्रक्रियागत स्थिति ✓ | परिमाणात्मक स्थिति ✓ |
|---|---|---|

### ६.१ समग्र स्थिति

